# अभिभावकसित विद्यार्थीको प्रगतिबारे बैठक
## (Parent Meeting on Student's Progress)

शिक्षक-अभिभाभकबीचको बैठक भनेको विद्यार्थीको जीवनसित गाँसिएका महत्वपूर्ण व्यक्तिहरू बसेर उनीहरूले विद्यालयमा कसरी काम गरिरहेका छन् भनी छलफल गर्ने समयलाई बुझाउँछ। यो महत्वपूर्ण समयमा अभिभावकले आफ्ना छोराछोरी पढ्ने कक्षा र उनीहरूको प्रगतिका बारेमा प्रश्नहरू सोध्न पाउँछन् । शिक्षकले पनि अभिभावकसितको अन्तरक्रियाबाट उसको रुचि (मन पर्ने वा नपर्ने कुराहरू), व्यवहार र व्यक्तित्व थाहा पाउन मदत पुग्छ। यसमा शिक्षक-अभिभावकहरू आपसमा अन्तरक्रिया गर्छन् र विद्यार्थीलाई सहयोग पुऱ्याउने तरिकाहरू पत्ता लगाउँछन्। यस बैठकले शिक्षक र अभिभावकबीचमा सञ्चार कायम राख्न र विद्यार्थीलाई अझ राम्ररी मदत पुऱ्याउन सहयोग गर्छ।

धेरैजसो विद्यालयहरूले शिक्षक-अभिभावकबीचको बैठक परीक्षाको नतिजा वितरण गर्ने दिन राख्छन्। यसप्रकार एक शैक्षिक सत्रमा तीनओटा त्रैमासिक हुने भएकाले वर्षको तीनपटक अभिभावकसित विद्यार्थीको सिकाइ, प्रगति, सहकार्य र समस्याको समाधानमा शिक्षकहरूले बैठक गर्छन् । यो बैठक भनेको विद्यालयको वार्षिक क्यालेन्डरमा उल्लेख गरिने विद्यालयको नियमित क्रियाकलापअन्तर्गतको बैठक हो । यी बाहेक पनि शिक्षकले चाहेमा कुनै विद्यार्थीको अभिभावक सँग अवश्यकता अनुसार बैठक गर्छन्।



शिक्षकले बैठक गर्दा एकपटकमा एउटा विद्यार्थीको अभिभावकहरूसित (आमा र बुबा अथवा अभिभावकत्व लिने व्यक्ति) बैठक गर्छन्। सफल बैठकका लागि शिक्षकको योजना र तयारी हुनु अति आवश्यक छ। शिक्षकले गर्ने तयारी र ध्यान दिनुपर्ने कुराहरू क्रमशः यहाँ दिइएका छन् :

### बैठक अघिको तयारी

१. अभिभावकलाई बैठकको मिति, समय र उद्देश्यको जानकारी दिने,
२. विद्यार्थीसित सम्बन्धित जानकारीहरू (प्रगति र सुधार्नु पर्ने पक्षहरू) तयार पार्ने र आफूले कुन पक्षलाई महत्व दिएर कुराकानी गर्ने हो, त्यसमा आफू प्रस्ट हुने,
३. एउटा अभिभावकका निम्ति १० मिनेट समय छुट्याउने, हरेक अभिभावकलाई १०/१० मिनेट फरक पारी समय दिने,
४. विद्यालयमा एउटै अभिभावकको दुईओटा बच्चा रहेछन् भने अर्को कक्षाका शिक्षकसँग कुरा गरी फरक-फरक समय दिने,
५. एकै दिनमा नसकिने भए शिक्षक-अभिभावकबीचको बैठकका निम्ति दुई-तीन दिन समय छुट्याउने,
६. अभिभावकको भेटघाटमा शिक्षकलाई मात्रै होइन, अभिभावकलाई पनि त्यस्त हडबडाहट हुन्छ। त्यसैले सबभन्दा पहिलो र महत्वपूर्ण काम भनेको बैठक थाल्नु अघि शिक्षकले सजिलो वातावरण बनाउन अभिवादन, हालखबर वा अनौपचारिक कुराकानीबाट सुरु गर्नुपर्छ।



### बैठक र शिक्षक-अभिभावकको योजना

१. सर्वप्रथम विद्यार्थीले यस त्रैमासिकमा गरेका प्रगति वा सकारात्मक परिवर्तनका कुराकानीबाट बैठक सुरु गर्ने,
२. अभिभावकले विद्यालय अथवा कक्षाको काममा सघाएको भए बैठकमा धन्यवाद दिँदै कुराकानीलाई अगाडि बढाउँदा राम्रो हुने,
३. शिक्षकको अपेक्षा र अभिभावकको अपेक्षाको आदानप्रदान गर्ने,
४. के वा कसरी काम गरेमा बच्चाले अझ उन्नति गर्न सक्छ, त्यसको योजना वा रणनीति बनाउने,
५. एकपटकमा एउटा समस्या वा रणनीतिमा मात्रै काम गऱ्यो भने विद्यार्थीलाई कम दबाव पर्ने र ऊ सफल हुन सक्ने,
६. विद्यार्थीको प्रयासबाट मात्रै समाधान हुने खालको समयस्या छन् कि अथवा अरू कसकसको प्रयास चाहिन्छ भनी विचार गर्ने,
७. बच्चाको क्षमताभन्दा बढी (उसको उमेरका बच्चाले गर्न सक्नेभन्दा बढी) अपेक्षा गरिएको त छैन भन्ने कुरामा ध्यान दिने ।

## समूदायमा भएका सिकाइ स्रोतहरुको प्रयोग

स्थानीय समूदाय भित्र विभिन्न नोकरी, पेसा, व्यवसाय, उद्यममा संलग्न व्यक्ति वा संस्थाहरू विद्यार्थीका सिकाइका स्रोत बन्न सक्छन् । पाठचक्रमअन्तर्गतका विभिन्न सिकाइ उपलब्धिहरू हासिल गर्ने कामका लागि शिक्षकले यस्ता स्रोतव्यक्ति वा संस्थाहरू सित समन्वय गर्न सक्छन् । यिनीहरूमा भएका ज्ञान र सीपहरूको सदुपयोग गरेर विद्यार्थीहरूको सिकाइ प्रभावकारी बनाउन सकिन्छ । यस तरिकाले गरिने सिकाइको अभ्यासबाट स्थानीय समूदाय र शिक्षक वा विद्यालयबीच संस्थागत सम्बन्ध, सकारात्मक भावना र सहयोगको विकास हुन पनि मदत पुग्छ । यसप्रकार समूदायमा विद्यमान यस्ता स्रोतहरूलाई शिक्षकहरूले दुई तरिकाबाट प्रयोग गर्ने गरेको पाइन्छ।

१. सम्बन्धित सिकाइ उपलब्धिका लागि सम्बन्धित स्रोतव्यक्तिहरूलाई कक्षामा निम्त्याउने,
२. सिकाइका लागि विद्यार्थीहरूलाई सम्बन्धित निकाय वा संस्थामा लैजाने ।

कक्षामा निम्त्याउने स्रोतव्यक्तिहरू को को हुन सक्लान् भनी शिक्षकले विचार गर्नुपर्छ । उदाहरणका लागि, यस्ता स्रोतव्यक्तिहरूमा कृषक, स्वास्थ्य कार्यकर्ता, ट्राफिक प्रहरी, डकर्मी, सिकर्मी, सङ्गीतकार, गायक, चित्रकार, समाजसेवी, व्यापारी आदि पर्छन् । यदि विद्यालयमा विद्यार्थीहरू मिलेर करेसाबारी निर्माण गरेका छन् (अथवा फलफुलको बोट रोप्ने र रेखदेख गर्ने काम गर्छन्) भने कृषक उनीहरूको सिकाइका लागि प्रभावकारी शिक्षक हुन सक्छन् । त्यसैगरी, सिकाइको प्रक्रियामा विद्यार्थीहरूलाई स्थानीय कार्यालय, संस्था अथवा उद्योगहरूमा लैजान सकिन्छ। यस्ता संस्था वा कार्यालयहरूमा हुलाक, स्वास्थ्यचौकी वा अस्पताल, लघुउद्योग वा कलकारखाना, कृषि फार्म, पसल वा बजार आदि पर्छन्।

सन्दर्भ सामग्री स्रोत : अभिभावकको सहभागिता, रातो बंगला फाउण्डेशन

German Nepalese Help Association (GNHA)
Lazimpat, Kathmandu, Nepal
E-mail: gnha@gnha.org.np
Web: www.gnha.org.np



# अभिभावकको सहभागिता



GERMAN-NEPALESE HELP ASSOCIATION
GNHA
जर्मन नेपाल सहयोग संघ

## अभिभावकको सहभागिता
## (Parent Involvement)

विद्यार्थीका निम्ति अभिभावक र शिक्षक वा विद्यालय दुवैको एउटै उद्देश्य हुन्छ, त्यो भनेको उनीहरूको शैक्षिक र सामाजिक विकास गर्नु हो । यस अर्थमा विद्यार्थीको शैक्षिक र सामाजिक विकासका लागि शिक्षक-अभिभावक मिलेर सहकार्य गर्ने अनगिन्ती अवसरहरू छन् । यस्तो अवसर र साझा जिम्मेवारीमा शिक्षक-अभिभावक दुवैबाट रचनात्मक भूमिका निर्वाह हुन सक्यो भने विद्यार्थीको सफलतामा मदत पुग्छ । विद्यार्थीको सिकाइमा अभिभावकको सहभागिताले महत्वपूर्ण योगदान पुऱ्याउँछ भन्ने तथ्यलाई विभिन्न अध्ययन अनुसन्धानहरूले पुष्टि गरेका छन् । शिक्षक-अभिभावकको सहकार्यबाट विद्यार्थीहरूले घर र विद्यालय दुवै स्थानमा सहयोगी वातावरण पाउँछन् साथै प्रौढको उपस्थितिबाट विद्यार्थीहरूले विद्यालय महत्वपूर्ण स्थान रहेछ र यहाँ गरिने कामहरूमा प्रौढहरूले ध्यान दिँदा रहेछन् भन्ने सन्देश प्राप्त गर्छन् ।

# नयाँ शैक्षिक सत्रमा अभिभावकलाई स्वागत
## (Parent Welcoming in New Academic Year)

### आवश्यकता
कक्षाकोठाको व्यवस्थापन र शिक्षणसिकाइका तरिकाहरूमा परिवर्तन सम्बन्धि अभिभावकहरू अनभिज्ञ रहेका हुन सक्छन् । अभिभावक र विद्यालयबीचमा सञ्चार र सम्बन्धको अभाव देखिएको छ । विद्यार्थीहरू पढाइ प्रक्रियामा कसरी सहभागी हुन्छन्, शिक्षकले कसरी योजना बनाएका छन् र विद्यालयमा विद्यार्थीको कति ध्यान पुऱ्याइन्छ भन्ने कुरा अभिभावकलाई थाहा हुनुपर्छ । यसबाट विद्यालय र अभिभावकबीच सहकार्य गर्ने वातावरणको सिर्जना हुन्छ र अन्ततः यसले विद्यार्थीको प्रगति र विकासलाई मदत पुऱ्याउँछ ।



### उद्देश्य
१. विद्यालयको लक्ष्य र उद्देश्यका बारेमा जानकारी दिने ।
२. अभिभावकहरूलाई कक्षाकोठाको संरचना, सिकाइ प्रक्रिया र शिक्षण सामग्रीका बारेमा बताउने ।
३. यस शैक्षिक सत्र भित्र पाठ्यक्रमले समेट्ने मुख्यमुख्य विषयवस्तुको जानकारी गराउने
४. कक्षामा सहयोग पुऱ्याउन इच्छुक अभिभावकहरूको नामावली तयार पार्ने तथा कुन अभिभावकलाई कुन काम गर्न मन लाग्छ, वा सहयोग पुऱ्याउन सक्छ, त्यसको निर्क्योल गर्ने ।

### कार्यक्रमको रुपरेखा
१. उपस्थित सम्पूर्ण अभिभावकलाई प्रधानाध्यापकले स्वागत गर्ने र विद्यालयको लक्ष्यका बारेमा जानकारी दिने,
२. त्यसपछि, शिक्षकले अभिभावकहरूलाई सम्बन्धित कक्षाकोठामा लैजाने । कक्षाकोठाको संरचना (कक्षा बैठक, जबचार्ट, कक्षाकोठाका नियम आदि र त्यसले विद्यार्थीमा पुग्ने फाइदा), सिकाइ प्रक्रिया (कक्षाकोठाका विभिन्न स्थानमा गरिने व्यक्तिगत वा समूहगत सिकाइ) र प्रयोग हुने शिक्षण सामग्रीका बारेमा जानकारी दिने ।
३. कक्षाकोठामा अभिभावकहरूले गर्न सक्ने सहयोग वा कामको तालिका तयार पार्ने र तालिकामा कुन कुन अभिभावकलाई कुन काम गर्न मन लाग्छ, त्यसको निर्क्योल गर्ने,
४. विभिन्न विषय अन्तर्गत त्यो शैक्षिक सत्रमा पढाइने मुख्यमुख्य पाठहरूका बारेमा सङ्क्षिप्त जानकारी दिने,

### ध्यान दिनुपर्ने कुराहरु
१. अभिभावकलाई सहभागी गराएर गरिने कुनै पनि कार्यक्रम उहाँहरुको अनुकुल दिन र समयमा छोटो समयको कार्यक्रम राख्नुपर्छ ।
२. शिक्षक वा विद्यालयको अनुकुलता र सजिलोपनालाई मात्रै विचार गर्दा कार्यक्रम असफल हुने खतरा हुन्छ ।



# अभिभावक शिक्षा
## (Parent Education)

अभिभावक शिक्षा भन्नाले विद्यार्थीको विकास, सिकाइ प्रक्रिया र घरको सहयोगी वातावरणका बारेमा अभिभावकहरूलाई बताउने र सिकाउने प्रक्रियालाई बुझाउँछ । विद्यार्थीको शैक्षिक तथा सामाजिक विकासमा अभिभावक र विद्यालयले के कसरी आ-आफ्नो स्थानबाट सहयोग पुऱ्याउन सक्छन् भनी गरिने छलफल र निर्माण गरिने रणनीतिलाई पनि अभिभावक शिक्षा भित्र राख्न सकिन्छ ।

कतिपय अभिभावकलाई विद्यार्थीको विकास प्रक्रिया कस्तो हुन्छ, उनीहरूलाई सिकाइ प्रति कसरी प्रोत्साहित गर्न सकिन्छ, घरमा कसरी सहयोगी वातावरण तयार पार्न सकिन्छ, अभिभावकले उनीहरू प्रति गर्ने व्यवहार कस्तो हुनुपर्छ, र शिक्षक-अभिभावकबीच कसरी सञ्चार कायम गर्न सकिन्छ भन्ने जानकारी वा तरिकाहरू थाहा नहुन सक्छ। यसमा विद्यालयले अभिभावकका लागि कार्यशाला वा अन्तरक्रियाको कार्यक्रम आयोजना गरेर यी कुराहरू सिकाउन सक्छ । बालबालिकाहरूलाई राम्ररी हुर्काउने कुरामा अभिभावकहरू चासो दिएर सहभागी हुन्छन् । यसो गर्दा विद्यालयले मेहनत गरेर पढाएका कुराहरू प्रभावकारी हुन्छन् र विद्यार्थीहरूले पनि विद्यालय वा सिकाइ महत्वपूर्ण रहेछ भन्ने बुझ्छन् । बालबालिकाको सिकाइमा अभिभावक कक्षाको समान भूमिका र दायित्व हुन्छ । हुनत विद्यालयलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने काम बोझ लाग्न सक्छ तर यसबाट विद्यार्थीको सिकाइमा पुग्ने सहयोग र उसले पाउने सहयोगी वातावरणबाट पुग्ने फाइदाले शिक्षकको मेहनतलाई सार्थक तुल्याउँछ ।



अभिभावक शिक्षामा कस्ताकस्ता विषयवस्तु समेट्ने भन्ने कुरा धेरै हदसम्म स्थानीय परिवेश, अभिभावक र विद्यालयको आवश्यकताले निर्धारण गर्छ तापनि यहाँ केही आधारभूत विषयवस्तुहरू दिइएका छन् :

**आधारभूत आवश्यकता–** छोराछोरीहरूलाई राम्रो सित खाना खुवाउने, सफासुग्घर राख्ने र विद्यालयमा खाजा वा पानीको बोतल दिएर पठाउने आदि,

**बालबालिकाको विकास र उनीहरूको व्यवहार–**
सम्बन्धित कक्षामा पढ्ने उमेरका बालबालिकाहरूको क्षमता, रुचि र अभिभावकले त्यसप्रति गर्ने व्यवहारका प्रमुख बुँदाहरू बताउने, बालबालिकाहरूले गरेका राम्रा कामको प्रशंसा गर्ने र उनीहरूको आत्मसम्मान बढाउने,

**घरमा कथा पढेर सुनाउने र छोराछोरीलाई पढ्न लगाई आफूले सुन्ने,**



**छोराछोरीको कुरा सुन्ने–** छोराछोरीले विद्यालयका बारेमा अथवा आफूले सिकेको कुरा बताउँदा चाख दिएर सुन्ने र राम्रो कामका लागि उत्प्रेरित गर्ने, आज विद्यालयमा केके गऱ्यौ भनी छोराछोरीहरूसित कुराकानी गर्ने आदि,

**सक्रिय सहभागिता–** कक्षाशिक्षकसित छोराछोरीको विकासका बारेमा जानकारी लिने, घरमा कसरी सघाउन सकिन्छ भनी कुराकानी गर्ने, कक्षाशिक्षणको क्रियाकलापमा सहभागी हुने, विद्यालयका क्रियाकलापमा समय दिने आदि,

**घरमा छोराछोरीको समयतालिका बनाइदिने–** घरका अन्य कामहरूका साथसाथै केटाकेटीहरूका निम्ति पढ्ने समय छुट्याउने, अभिभावकहरूले बिहान उठ्ने, सरसफाइ गर्ने, काम गर्ने, पढ्ने, सुत्ने र विद्यालय जाने समय तोकिदिँदा विद्यार्थीको जीवन व्यवस्थित हुन्छ । विभिन्न अनुसन्धानहरूबाट पढ्नमा राम्रो हुने विद्यार्थीको घरमा उसका निम्ति पढ्ने समय छुट्याइएको र अभिभावकले पढ्न उत्प्रेरित गर्ने गरेको तथ्य प्राप्त भएको छ ।

**विद्यालयमा नियमितता–** छोराछोरीलाई नियमित विद्यालय पठाउने,

**उच्च अपेक्षा राख्ने–** अभिभावकले जहिले पनि राम्रो र अब्बल दर्जाको व्यवहार, काम र सन्देश दिनुपर्छ। विद्यालयमा आएका चुनौतीहरूलाई सामना गर्न प्रोत्साहित गर्नुपर्छ। कडा मेहनत र रचनात्मक कामबाट नै मानिसले उच्चतम तहको काम गर्न सक्छ भनी छोराछोरीहरूलाई उत्प्रेरणा दिनुपर्छ।

**बालबालिकाहरूको सुरक्षा–** दुर्घटनाबाट बच्ने उपायहरू, विद्यालय आउँदाजाँदा ध्यान दिनुपर्ने

**अस्वीकार्य व्यवहारमा सुधार ल्याउने–** बालबालिकाहरूको भावना, आक्रामक व्यवहार, कुलत अदिलाई व्यवस्थित गर्ने तरिकाहरूमा छलफल ।

यी सबै विषयवस्तुहरू एकैपटकको कार्यशाला अथवा कार्यक्रममा समावेश गर्नुपर्छ भन्ने छैन। एकैचोटि धेरै कुराहरू गराउँदा अभिभावकलाई पट्यार लाग्न सक्छ। आवश्यकता अनुसार अभिभावकहरूको अनुकूल समय लिएर विद्यालयमा वर्षमा २-३ अथवा ३-४ पटकसम्म अभिभावक- शिक्षाको कार्यक्रम राख्न सकिन्छ।

